**आ.व. ०८०/८१ को दोस्रो बैठक**

आज मिति २०८० साल भाद्र १२ गते मंगलबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पूर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | जसोदा |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री लासाङ तामाङ | सदस्य-सचिव | ९८४४६६६४३३ | |

**अन्य**

लेखा शाखा प्रमुख श्री शम्भु श्रेष्ठ

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ, प्रशासन शाखा

का.स. श्री धन बहादुर बुढाथोकी

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको समिक्षा गर्ने सम्बन्धमा।
२. निजी सचिव नियुक्ती गर्ने सम्बन्धमा।
३. चालु आ.व. ०८०/०८१ को शौचालय निर्माण गर्ने सम्पुर्ण आयोजना सम्बन्धमा।
४. सिवाखोला-पुर्णेडाँडा सडकको औंसीडाँडा सडकखण्डमा सोलिङ गर्ने सम्बन्धमा।
५. सडक हेरालु सम्बन्धमा।
६. लाखेजात्रा सञ्चालन समिति, ताप्लेजुङको परियोजना प्रस्तावना-पत्र सम्बन्धमा।
७. यस पाथीभरा यावरङक गाउँपालिकाको आ.व. ०७९/०८० को वार्षिक समिक्षा सम्बन्धमा।
८. एम्बुलेन्स सञ्चालनको लागि हलुका सवारी चालक नियुक्ती गर्ने सम्बन्धमा।
९. रकम भुक्तानी गर्ने सम्बन्धमा।
१०. वर्षादको कारण सडकहरु सूचारू नभएको सम्बन्धमा।

निर्णयहरुः

निर्णय नं.१

प्रस्ताव नं.-१ माथी छलफल गर्दा यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे नि.प्र.प्र.अ. श्री लासाङ तामाङबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथी छलफल गर्दा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको कामको व्यस्ततालाई हेरी वहाहरुको काममा सहजता ल्याउन कोशी प्रदेश सरकारको गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा (३) खण्ड (१) बमोजिम राजपत्र अनंकित प्रथम श्रेणी (पाँचौ तह)को सेवासुविधा पाउने गरी १ जना निजी सचिव नियुक्ती गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथी छलफल गर्दा आ.व. ०८०/०८१ मा गाउँपालिकाभित्र शौचालय निर्माण गर्नको लागि विनियोजित बजेटबाट शौचालय निर्माण उपभोक्ता समितिबाट सम्पन्न गर्ने र सम्पुर्ण शौचालयको ढाँचा (Design) एकै प्रकारको बनाउने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाको वडा नं.-२ र ३ मा अवस्थित सिवाखोला-पुर्णेडाँडा सडकको औंसीडाँडा सडकखण्डमा मर्मत संभार कोषबाट व्ययभार हुने गरी प्राविधिक स्टिमेट तयार गरी सोलिङ गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-५

प्रस्ताव नं.-५ माथी छलफल गर्दा वडा नं.-४ मा नियुक्ती गरिएका सडक हेरालुहरुको कार्य सम्पादन सन्तोषजनक नरहेकोले हाललाई करारसम्झौताको म्याद थप नगर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-६

प्रस्ताव नं.-६ माथी छलफल गर्दा लाखेजात्रा सञ्चालन समिति, ताप्लेजुङद्वारा आयोजित ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिता-२०८० लाई यस गाउँपालिकाद्वारा १,००,०००।-(अक्षरेपी एक लाख रुपैया मात्र।) आर्थिक सहयोग गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-७

प्रस्ताव नं.-७ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाको आ.व. ०७९/०८० को वार्षिक समिक्षा कार्यक्रम मितिः २०८०/०५/१७ गते गाउँपालिकाको सभाहलमा सम्पन्न गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-८**

प्रस्ताव नं.-८ माथी छलफल गर्दा यस गाउँपालिकाको लागि खरिद गरिएको एम्बुलेन्स सञ्चालनको लागि एक जना हलुका सवारी चालक नियुक्ती गर्नु पर्ने भएको हुँदा, सोको लागि यस पाथीभरा याङवरक गाउँपालिका वडा नं.-३, स्थित भगिराज लिम्बुको छोरा अमिर इजम (लिम्बु) लाई मासिक रु. १८,०००।- (अक्षरेपी अठार हजार मात्र) साथै ताप्लेजुङ र पाँचथर जिल्ला अस्पतालसम्मको लागि रु.५,००।-, ईलाम जिल्ला अस्पतालसम्म रु.१,०००।- र झापा, मोरङ र सुनसरी जिल्लास्थित अस्पतालहरुसम्मको लागि रु. २,०००।- भत्ता दिने गरी नियुक्ती गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-९**

प्रस्ताव नं.-९ माथी छलफल गर्दा मितिः २०८० साल असार २ गते आएको वाढी पहिरोको कारणले थेचम्बुको खाल्टे हुँदै चाक्सीबोटे, थुम्वेदिन जाने मोटरबाटो खाल्टे पुछ्बार पुल छेउमा क्षतिग्रस्त भएकोमा उक्त बाटोलाई तत्काल सुचारु गर्न फावाखालको किनारमा रहेको पहरा कटिङ गर्न गाउँसभाबाट रु.१०,००,०००।-(अक्षरेपी दश लाख मात्र।) विनियोजन गरिएकोमा, उक्त रकममा रु.२,९४,०००।- (अक्षरेपी दुई लाख चौरानब्बे हजार मात्र।) अपुग भएको प्राविधिक प्रतिवेदनबाट देखिन आएकोमा हाललाई मर्मतसंभार कोषबाट उक्त रकम सोध भर्ना गरी भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-१०**

प्रस्ताव नं.-१० माथी छलफल गर्दा वर्षादको कारणले पालिकाको विभिन्न वडाहरुमा सडकहरु विग्रीएकोले तत्काल आवागमनलाई सहज बनाउनको लागि व्याक हो लोडर (Backhoe Loder) भाडामा लिएर लकबुकको आधारमा सडक मर्मत गर्ने साथै सडक मर्मत गर्दा व्याक हो लोडरको भाडा मर्मत संभारकोषबाट व्ययभार हुने गरी भ्याट सहित प्रति घण्टा बढीमा रु. ३५००।- (अक्षरेपी तीन हजार पाँच सय रुपैया मात्र।) का दरले उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।